नेपाल सरकार

# नेपाल ट्रस्टको कार्यालय

कमलादी, काठमाडौँ

## गोकर्ण राजनिकुञ्जस्थित नाला तथा बाटोमा वर्षाको भेलले बगाएर ल्याएको बालुवा, माटो सफा गरी बिक्रीका लागि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०७९।११।१९ गते

गोकर्ण राजनिकुञ्जस्थित नाला तथा बाटोमा वर्षाको भेलले बगाएर ल्याएको बालुवा, माटो सफा गरी तोकेको दरमा बिक्री गर्ने गरी शिलबन्दी दरभाउपत्र प्रथम पटक मिति २०७९।०९।१५ गते सूचना प्रकाशन गरिएकोमा प्राप्त शिलबन्दी दरभाउपत्र कानुन बमोजिम ग्राह्य नरहेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम ९क को मर्म अनुसारसमेत नहुने देखिएकाले उक्त शिलबन्दी दरभाउपत्र रद्द गरी नयाँ शिलबन्दी दरभाउपत्र बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म वा कम्पनीहरूले आवश्यक कागजात खरिद गरी पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

| क्र.सं. | शिलबन्दी दरभाउपत्र नं. | बोलपत्रको नाम | न्यूनतम शिलबन्दी दरभाउपत्र रकम (मु.अ.कर बाहेक) | शिलबन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १. | 01/SQ/REVENUE/ NTO/079/80 | गोकर्ण राजनिकुञ्जस्थित नाला तथा बाटोमा वर्षाको भेलले बगाएर ल्याएको बालुवा, माटो सफा गरी बिक्री गर्ने सम्बन्धमा। | रु. ४,५९,४२७।५२ | रू. १,०००।- |

● विस्तृत विवरण यस कार्यालयको Website : www.nepaltrust.gov.np मा हेर्न सकिनेछ।

**नेपाल ट्रस्टको कार्यालय**

**कमलादी, काठमाडौं**

**गोकर्ण राजनिकुन्ज स्थित नाला तथा बाटोमा बर्षाको भेलले बगाएर ल्याएको बालुवा, माटो सफा गरी विक्रिका लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना ।**

**सूचना प्रकाशित मिति २०७९।९।१५**

गोकर्ण राजनिकुन्ज स्थित नाला तथा बाटोमा बर्षाको भेलले बगाएर ल्याएको बालुवा, माटो सफा गरी तोकेको दरमा बिक्री गर्ने गरी सिलवन्दी दरभाउपत्र बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले आवश्यक कागजात सहित तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र सिलवन्दी दरभाउपत्र खरिद गरी पेश गर्नु हुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| **क्र.सं.** | **सिलवन्दी दरभाउपत्र नं.** | **बोलपत्रको नाम** | **न्यूनतम सिलवन्दी दरभाउपत्र रकम (मु.अ.कर बाहेक)** | **सिलवन्दी दरभाउपत्र दस्तुर** |
|---|---|---|---|---|
| १ | 01/SQ/REVENUE/NTO/079-80 | गोकर्ण राजनिकुन्ज स्थित नाला तथा बाटोमा बर्षाको भेलले बगाएर ल्याएको बालुवा, माटो सफा गरी विक्रि गर्ने सम्बन्धमा | रु. ४,५९,४२७.५२ | रु. १,००० |

- विस्तृत विवरण यस कार्यालयको website: www.nepaltrust.gov.np मा हेर्न सकिने छ।

**शर्तहरुः**

१. यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिबाट १५ दिनभित्र यस कार्यालयमा रु. १,००० (पछि फिर्ता नहुने) नगद जम्मा गरी वा यस कार्यालयको नाममा तल उल्लेख गरिएको बैंकको विवरणमा उक्त रकम जम्मा गरेको सक्कल भौचर पेश गरी सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात (Bidding Document) खरिद गर्न सकिने छ ।

बैंकको विवरण :

| | |
|---|---|
| बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक | कार्यालयको नाम: नेपाल ट्रष्टको कार्यालय |
| खाता नं.: १०००२०००१०००० | कार्यालयको कोड: ३०१०३३५०१ |
| राजश्व शिर्षक नं.: १४२२९ | |

२. प्रस्तावदाताले सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्दा लिखित निवेदनको साथै कम्पनी वा संस्था दर्ता प्रमाणपत्र (नवीकरण गर्नु पर्ने भए सो समेत गरेको), मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपीहरु नोटरी पब्लिकबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ।

३. माथि उल्लेखित भए अनुसार पेश भई अधिकतम अंक कबोल भएको सिलवन्दी दरभाउपत्र स्वीकृत भए पश्चात सम्झौता गर्नु अगावै सम्बन्धित दरभाउपत्रदाताले कबोल गरेको अंकमा नियमानुसार आउने मू.अ.कर सहितको रकम नेपाल सरकारलाई बुझाएको सक्कल भौचर यस कार्यालयमा जम्मा गर्नु पर्नेछ ।

४. नेपाल ट्रष्टको कार्यालयमा मिति २०७९।१२।५ गते दिनको ३ बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थितिमा सिलवन्दी दरभाउपत्र खोलिने छ । कुनै प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणल सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन । सिलवन्दी दरभाउपत्रको म्याद अवधि बोलपत्र खोलेको मितिबाट ४५ दिनको हुनु पर्नेछ । सिलवन्दी दरभाउपत्र साथ दरभाउपत्र जमानत रकम (Security Deposit Amount) रु. ११,५००।— समावेश गर्नु पर्नेछ जसको मान्य अवधि सिलवन्दी दरभाउपत्रको म्याद अवधि भन्दा ३० दिन बढी हुनु पर्नेछ । (तसर्थ Security Deposit Amount को कुल म्याद सिलवन्दी दरभाउपत्र खोल्ने मितिबाट ७५ दिन हुनेछ ।)

५. सिलवन्दी दरभाउपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा देखिएको रकम फरक पर्न गएमा अक्षरमा देखिएकोलाई मान्यता दिइनेछ । केरमेट गरेको वा टिपेक्स लगाएमा सिलवन्दी दरभाउपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ ।

६. सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ । मानसिक कारण बाहेक सो अवधिभित्र सम्झौता गरी सिलवन्दी दरभाउपत्र सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार सिलवन्दी दरभाउपत्र सम्झौता गर्न सूचना दिन सकिनेछ ।

७. सिलवन्दी दरभाउपत्र सञ्चालनको शिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

८. सिलवन्दी दरभाउपत्र सञ्चालन अवधि सम्झौता भएको मितिदेखि २०७९ जेठ मसान्तको हुनेछ । निर्धारित परिमाण बराबरको नदीजन्य पदार्थ उत्खनन् भईसकेमा अवधि भन्दा अगावै उत्खनन् र संकलन बन्द गरिनेछ ।

९. नाला तथा बाटोबाट निकालिएको बालुवा तथा माटो बिक्रि मुल्य करको सिलवन्दी दरभाउपत्र सञ्चालन गर्दा कुनै बाधा अवरोध आइपरेमा ठेकेदार स्वयमं आफैले मिलाई कर संकलन गर्नुपर्नेछ । यसमा नेपाल ट्रष्टको कार्यालयले आवश्यक सहजीकरण गर्नेछ ।

१०. कुनै कारणबस कर संकलन गर्न बाढा परेको कारण देखाइ ठेकेदारले कुनै पनि छुट वा मिनाह दावी गर्न पाउने छैन र त्यस्तो मिनाह छुट दिन कार्यालय बाध्य हुने छैन ।

११. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नेपाल ट्रष्टको कार्यालयलाई रहनेछ ।

१२. सिलवन्दी दरभाउपत्र सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१३. म्याद नाघी आएको वा शर्त राखी आएको वा रितपूर्वक नभएको प्रस्तावलाई मान्यता दिइने छैन ।

१४. यस सिलवन्दी दरभाउपत्र किन्ने तथा पेश गर्ने म्यादको दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा उपर्युक्तानुसारको कार्य गर्न सकिने छ ।

१५. यस सूचनामा उल्लेख नभएको अन्य कुराहरु प्रचलित नेपालको कानून बमोजिम हुनेछ ।

नेपाल ट्रष्टको कार्यालय
कमलादी, काठमाडौं ।
फोन नं.: ०१–४२२५४६५
इमेलः info@nepaltrust.gov.np